कार्यपालिकाको बैठक सख्याः- ३६ औं

बैठक मितिः- २०८२।०८।०८ गतेको (पहिलो दिन)

समयः- विहान ७.०० बजे ।

स्थानः- भोटखोला गाउँपालिकाको कार्यालय, हटिया, सङखुवासभा ।

आज मिति २०८२।०८।०८ गते गाउँकार्यपालिकाको अध्यक्ष श्री वाङछेदर लामा ज्यूको अध्यक्षतामा देहायका गाउँकार्यापालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारका प्रस्तावहरु उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री वाङछेदर लामा | |
| २ | उपाध्यक्ष | श्री साहाना लामा | |
| ३ | वडाध्यक्ष-१ | श्री नुर्पु च्यावा | |
| ४ | प्रमुख प्र.अ. | श्री फुर्पु भोटे | |
| ५ | वडाध्यक्ष-२ | श्री जिप्पा तेन्जिङ भोटे | |
| ६ | वडाध्यक्ष-३ | श्री पासाङ भोटे | |
| ७ | वडाध्यक्ष -४ | श्री विकास तामाङ | |
| ८ | वडाध्यक्ष -५ | श्री बाल कुमार राई | |
| ९ | का.पा.सदस्य | श्री दावा भुटिक भोटे | |
| १० | का.पा.सदस्य | श्री चिप्पा भोटे | |
| ११ | का.पा.सदस्य | श्री सलिना राई | सलिना |
| १२ | का.पा.सदस्य | श्री सरिता वि.क. | सरिता विश्वकर्मा |
| १३ | का.पा.सदस्य | श्री जयबाउ भोटे | |
| १४ | का.पा.सदस्य | श्री चेक्टुक भोटे | |

आमन्त्रित

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रशासन शाखा प्र. | श्री दावा भोटे | |
| 2, | स्वकीय सचिव | फुर्बु दोर्जी मैच्यावा | |
| ३. | इन्जिनियर | अवेन्द्र यादव | |
| | | | |
| | | | |

**३६ औ कार्यपालिका बैठकको प्रस्तावहरु**

भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

१.समिक्षा सम्बन्धमा ।
२.समवेदना/श्रदान्जली ५ नं वडा सम्बन्धमा ।
३. पालिका भवनको योजना शिर्षक समायोजन सम्बन्धमा ।
४. अरुणोदय मा.वि.आवशिय भवन निर्माण शिर्षिक समायोजन सम्बन्धमा ।
५.प्रदेश सशर्त वजेट सम्बन्धमा ।
६.विधावरदायिणी आ.वि.गेट निर्माण सम्बन्धमा ।
७.छुक्सुम लघुजलविधुत मर्मत सम्बन्धमा ।
८.मौला पूजा सम्बन्धमा ।
९. विज्ञापन प्रकाशसन सम्बन्धमा ।
१०. परिक्षा संचालन सम्बन्धमा ।
११.खेल संचालन सम्बन्धमा ।
१२.विपद व्यवस्थापन कोष खर्च सम्बन्धमा ।
१३.विधेयक तर्जुमा शैदान्दिक सहमती सम्बन्धमा ।
१४.भुत्तानी सम्बन्धमा ।
१५.करार कर्मचारी सम्बन्धमा ।
१६.छात्रबृद्दि सम्बन्धमा ।
१७.कार्यविधी पारित सम्बन्धमा ।

भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

निर्णयहरु:-

निर्णय न. १:-
प्रस्ताव न. १ माथि छलफल गर्दा यस गाउँपालिकाको ५ वटै वडाहरु लगायत शाखाहरुको कार्य प्रगतीको बारेमा समिक्षा गरियो ।

निर्णय न. २:-
प्रस्ताव न. २ माथि छलफल गर्दा भोटखोला गाउँपालिका ५ नं. वडाध्यक्ष श्री बाल कुमार राईको पूजनीय पिता श्री लाल बहादुर खालिङ राईको ७३ वर्षको उमेर भएको दुखद निधनले भोटखोला गाउँपालिका सव परिवार अत्यन्त मरमाहत एवं स्तप्त भएका छौं । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रदान्जली अर्पण गर्दछौं । शोकको यस दुखद घडीमा सम्पूर्ण सोकाकूल परिवारजनहरुमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी समावेदना प्रस्ताव पारित गरियो ।

।

निर्णय न. ३:-
प्रस्ताव न. ३ माथि छलफल गर्दा यस पालिका भवन कम्पाउण्ड घेरा, गेट तथा चौकीदार भवन निर्माण योजना रु. १५,०००००।- र गाउँपालिका तला ट्रष्ट भवन निर्माण सभाहल तथा क्यान्टिन निर्माण योजना रु. ४०,०००००।- लाई एउटै शीर्षक ट्रष्ट भवन निर्माण र कम्पाण्ड घेराउ योजनामा समाहित गरी कार्यन्यवन गर्ने निर्णय गरियो ।साथै उक्त योजना इविडिङ मार्फत वोलपत्र आव्हान गरी निर्माण गर्ने निर्णय गरियो । किमाथांका स्वास्थ्य चौकी भवन मर्मत सम्भार योजना रु. ६,५०,०००।– र किमाथांक स्वास्थ्य चौकी भवन मर्मत तथा छाना व्यवस्थापन योजना रु. १०,०००००।-- लाई एउटै शीर्षक किमाथांका स्वास्थ्य चौकी भवन मर्मत सम्भार योजना र किमाथांक स्वास्थ्य चौकी भवन मर्मत तथा छाना व्यवस्थापन योजनालाई रु. १६,५०,०००।- समाहित गरी किमाथांक स्वास्थ्य चौकी भवन मर्मत तथा छाना व्यवस्थापन योजना कार्यन्यवन गर्ने निर्णय गरियो

निर्णय न. ४:-
प्रस्ताव न. ४ माथि छलफल गर्दा श्री अरुणोदय उ.मा.वि.आवसीय भवनको फर्निचर तथा किचन भवन निर्माण योजनाको बजेट रु.१५०००००।- लाखलाई सोही विद्यालयको श्री अरुणोदय मा.वि.आवसीय भवन बहुबर्षिय योजना रु. ४५,०००००।– एउटै शीर्षक श्री अरुणोदय मा. वि. आवसीय भवन बहुवर्षे योजनामा समाहित गरी निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो । साथै उक्त योजना इविडिङ मार्फत वोलपत्र आव्हान गरी निर्माण गर्ने निर्णय गरियो ।

निर्णय न. ५:-

प्रस्ताव न. ५ माथि छलफल गर्दा कोशी प्रदेश सरकार उद्योग, कृषि तथा सहकारी मन्त्रालयबाट अर्गानिक सिस्नु प्याकेजिङ उद्योग स्तरउन्नति र बजार व्यवस्थापन योजनाको लागि प्राप्त सशर्त अनुदान रकम रु.१२,५०,०००।– हिमालय अर्गानिक सिस्नु प्याकेजिङ उद्योग भोटखोला -४, संग संझौता गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय न. ६:-

प्रस्ताव न. ६ माथि छलफल गर्दा विद्यावरदायिनी आ.वि. गेट निर्माण प्राविधिकको लागत ईस्टिमेट अनुसारको कार्य गर्न विविध प्रशासनिक चालु खर्च शीर्षकबाट व्ययभार हुने गरी निर्माण गर्ने निर्णय गरियो ।

निर्णय न. ७:-

प्रस्ताव न. ७ माथि छलफल गर्दा छुक्सुमखोला लघुजलविद्युत भोटखोला गाउँपालिका -३, हटियाको पावरहाउसमा आवश्यक सामाग्रीहरु मर्मत सम्भार गर्नुपर्ने भएकोले प्राविधिकको ल.ई. अनुसार विविध शीर्षकबाट खर्च हुने गरी सामाग्री खरिद गरी छुक्सुमखोद्या लघुजलविद्युत व्यवस्थापन समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय न. ८:-

प्रस्ताव न. ८ माथि छलफल गर्दा २०८२ सालको वडादशैको चार्ड पर्वमा मौला पूजा वापतको खर्च यस भोटखोला गाउँपालिकामा रहेका नेपाल प्रहरीका चौकीहरु र सीमा सुरक्षार्थ सशस्त्रवल कार्यालयलाई गाउँपालिका अध्यक्षको तोक आदेश अनुसार विविध प्रशासनिक चालु खर्च शीर्षकबाट व्ययभार हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न. ९:-

प्रस्ताव न. ९ माथि छलफल गर्दा श्री समुदायमा आधारित हिमालय बालविकास केन्द्र हेमामा कार्यरत बालशिक्षिकाले राजीनामा दिएको र उक्त बालविकास केन्द्रको विद्यालय व्यवस्थपान समिति सक्रिय नभएको र कुनै पनि अन्य शिक्षक शिक्षिका कार्यरत नभएको कारणले रिक्त पदपूर्ति गर्न गाउँपालिकाबाट नियमानुसार विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय न. १०:-

प्रस्ताव न. १० माथि छलफल गर्दा गर्दा छुमुसर सामुदायिक स्वास्थ्य इकाई कार्यालयको कार्यालय सहयोगी र गाउँपालिकाले विज्ञापन गरेको उद्यम विकास सहजकुरता पदको विज्ञापनको परीक्षा मंसीर १५ गते गर्ने निर्णय गरियो ।

निर्णय न. ११:-
प्रस्ताव न. ११ माथि छलफल गर्दा छलफल गर्दा विश्व मधुमेह दिवस २०८२ को पावन अवसरमा सिप्रुङ संयुक्त युवा परिवार भोटखोला -४, सिप्रुङलाई खुल्ला पुरुष फुटबल खेल सञ्चालन गरे वापत खेलकुद कार्यक्रम शिर्षकबाट रु. २ लाख उपलब्ध गराउने । साथै उक्त क्लवको विल भरपाईको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न. १२:-
प्रस्ताव न. १२ माथि छलफल गर्दा भोटखोला गाउँपालिकामा २०८२ श्रावणदेखि असोज महिनामा भएको विभिन्न वर्षा तथा बाढी पहिरोको कारणले विभिन्न स्थानमा क्षतिग्रस्त भएकोले देहायका स्थानहरुमा विपद् व्यवस्थापन कोषबाट व्ययभार हुने गरी रकम विनियोजन काम सम्पन्न गर्ने निर्णय गरियो । वडा नं. ४

क. गोला लिंगम सडक पहिरो व्यवस्थापन योजनालाई रु. ५ लाख । वडा नं. ३
ख. माङमाकभिर पहिरो बाटो र काठेपुल निर्माण रु. २,७०,०००।- वडा नं. २
ग. चेपुवा सामुदायिक स्वास्थ्य इकाई कार्यालय भवन भित्ता ठेसवाल लगाउने रु. २ लाख । वडा नं. २
घ. रुकुमा गाउँदेखि मूलबाटोसम्म बाटो मर्मत तथा काठपूल निर्माण रु. २ लाख । वडा नं. २
ङ. सेम्वुङफेदि काठेपुल निर्माण रु. ३५,०००।. वडा नं. ४
च. सेम्वुङ गोरिङ पहिरो बाटो निर्माण रु ~~[illegible]~~,०००।- वडा नं. ४ (५०,०००/-)
छ. दोसुगुक्म काठेपूल निर्माण रु ~~[illegible]~~,०००।- वडा नं. ४ (६५,०००/-)
ज. फिवुङ पहिरो मर्मत बाटो निर्माण रु. ९५,०००।. वडा नं. ३ हुङगुङ
झ. स्याङस्याङदुङ्गा बाटो मर्मत रु. ५०,०००।- वडा नं. २
ञ. फिरफिरे जाने पहिरो बाटो मर्मत रु. २ लाख । वडा नं. ५
ट. छुडिराक्मु बाटो मर्मत रु. ९५,०००।- वडा नं. ३

निर्णय न. १३:-
प्रस्ताव न. १३ माथि छलफल गर्दा गर्दा देहाय अनुसारका विधेयक तर्जुमा अवधारणा पत्र सैद्धान्तिक सहमतीको लागि पेश हुन आएकोमा पेश भए बमोजिम गर्ने गरी निर्णय गरियो ।

- शिक्षा सम्वन्धि ऐनलाई संशोधन र एकिकरण गर्ने विधेयक तर्जुमा सम्वन्धी सैद्धान्तिक सहमती
- लैङ्गिक हिंसा निवारण कोष स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्ने विधेयक तर्तुजमा सैद्धान्तिक सहमती ।
- वातावरण संरक्षण र जैविक विविधता संरक्षण सम्वन्धमा विधेयक तर्जुमाको सैद्धान्तिक सहमती

- न्यायिक समितिले उजुरीको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि कानूनलाई संशोधन र एकिकरण गर्ने विधेयक तर्जुमा सैद्धान्तिक सहमती ।
- भौतिक पूर्वाधार निर्माण, उपभोक्ता समिति सञ्चालन, घ वर्गको परामर्शदाता कम्पनी स्वीकृति सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्ने विधेयक तर्जुमा सैद्धान्तिक सहमती ।
- कृषि तथा पशुपालनको प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्ने विधेक तर्जुमा सैद्धान्तिक सहमती ।
- स्थानीय सेवा प्रवाह, कर्मचारीको व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्ने विधेयक तर्जुमा सैद्धान्तिक सहमती ।

निर्णय न. १४:-

प्रस्ताव न. १४ माथि छलफल गर्दा स्याक्सिला गोला प्रहरी चौकी गोलालाई सामाग्री खरिद वापत रकम बिल भरपाई अनुसार विविध प्रशासनिक चालु खर्च शीर्षकबाट सोधभर्ना भुक्तानी दिने निर्णय गरियो

निर्णय न. १५:-

प्रस्ताव न. १५ माथि छलफल गर्दा नेपाल सरकार मन्त्रीपरिषद्को २०८२।६।५ गतेको बैठकबाट नेपाल सरकार प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भनी निर्णय भए बमोजिम नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ११८, मिति २०८२।६।७ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११३, मिति २०८२।६।८ गते को प्राप्त पत्रमाथि छलफल गर्दा यस गाउँपालिकामा दरबन्दी वा दरबन्दी बाहेक हाल कार्यरत करार वा अस्थायी कर्मचारीहरु गाउँपालिकाको आवश्यकता अनुसार रहेकोले हाललाई कुनै पनि करार वा अस्थायी कर्मचारीहरु नहटाउने निर्णय पारित गरियो । साथै कुनै कारणवस ऐन, नियम, कानून बमोजिम करार वा अस्थायी कर्मचारीलाई नियुक्ति वा ज्यालामा सम्झौता गरी कामकाजमा लगाए वापत सेवा सुविधा/रकम सम्बन्धित अधिकारी (नियुक्ति दिने अधिकारी) बाट असुल उपर गर्नुपर्ने अवस्था भएमा उक्त असूल उपर सम्बन्धित अधिकारीबाट असुल उपर गर्न नपर्ने र उक्त असुल उपरको सम्पूर्ण जिम्मेवारी गाउँपालिकाले लिने निर्णय गरियो । माथि उल्लेखित बुँदाहरुमा केन्द्रित रही नेपाल सरकार मन्त्रीपरिषद्, नेपाल सरकार अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार समेत गर्ने निर्णय गरियो ।

निर्णय न. १६:-

प्रस्ताव न. १६ माथि छलफल गर्दा भोटखोला गाउँपालिका वडा नं. ३ हुङगुङ बस्ने विद्यार्थी ङिमाजेन्जेन भोटे सिप्पाले व्याचलर डिग्री अफ माउण्टेनरिङ विषयमा अध्ययन गर्नको लागि छात्रबृद्धि पाउँ भनी निवेदन दिए अनुसार माउण्टेन एकेडेमीको नियम अनुसार पहिलो शैक्षिक सत्रमा लाग्ने सम्पूर्ण खर्च छात्रबृद्धिको रुपमा विविध प्रशासनिक चालु खर्च शीर्षकबाट उपलब्ध गराउने र उक्त एकेडेमीमा नियमानुसार गाउँपालिकाले प्रदान गर्ने छात्राबृद्धिको कोटामा भोटखोला गाउँपालिका वडा नं. २ का विद्यार्थी लाक्पा छिरिङ ल्होमी थिकेपाको समेतको खर्च माउण्टेन एकेडेमीको खातामा जम्मा गरी दिने निर्णय गरियो ।

निर्णय न. १७:-

प्रस्ताव नं. १७ माथि छलफल गर्दा लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्लेटफर्म (GBV Platform) मञ्च गठन र परिचालन कार्यविधि, २०८२ स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय न.- १८ :- प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस भोटखोला गाउँपालिका गाउँसभा, गाउँ कार्यपालिका, अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, वडा समिति, वडा अध्यक्ष गाउँसभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत समेतलाई गाउँपालिकाको कामकारबाही गरेकै कारणबाट कसैले विपक्षी बनाई सवोर्च्च अदालत, उच्च अदालत विराटनगर धनकुटा इजलास र संखुवासभा जिल्ला अदालतमा यस अघिनै दायर भएका वा अब उप्रान्त दायर हुने मुद्दामा गाउँ सभा कार्यपालिका, कार्यपालिका कार्यालय, अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, वडा सिमित, वड अध्यक्ष, वडा कार्यालय, वडा सदस्य, गाउँ सभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत समेतको तर्फबाट सम्बन्धित अदालतमा उपस्थित भई लिखित जवाफ पेश गर्न, प्रतिनिधित्व गर्न, कानून व्यवसायी नियुक्ति गर्न आवश्यकता अनुसार वारेस मुकरर गर्न लगायत त्यस्तो विवाद सम्बन्धमा अन्य जे जो चाहिने गर्नु पर्ने कार्य गर्न भोटखोला गाउँपलिका, गाउँ कार्यपालिकाको कार्यालयका कानून अधिकृत श्री प्रेम घोटैलीलाई अख्तियारी दिने निर्णय गरियो ।

आजको बैठक यहि समाप्त भयो